**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ दिसम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मुले ज्ञानपीठ पुरस्कार विजेता साहित्यकार विनोद कुमार शुक्लाको निधनमा शोक व्यक्त गर्नुभएको छ।

२. गृहमन्त्री अमित शाह आज पंचकुला भ्रमणमा आउनुहुनेछ।

३. भारतीय अन्तरिक्ष अनुसन्धान संगठन **इसरो**ले आज बिहान ब्लूबर्ड ब्लक-२ सञ्चार उपग्रह प्रक्षेपण गर्नेछ।

४. नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले भारत **अंतर्राष्ट्रीय नागर विमानन संगठन परिषदमा** पुन: निर्वाचित भएको घोषणा गर्नुभयो।

५. महिला क्रिकेटमा भारतले हिजो राति विशाखापट्टनममा भएको टी-२० शृङ्खलाको दोस्रो म्याचमा श्रीलंकालाई सात विकेटले पराजित गर्‍यो।

**<u>राष्ट्रपति-विनोद शुक्ला</u>**

राष्ट्रपति द्रौपदी मुर्मुले ज्ञानपीठ पुरस्कार विजेता साहित्यकार विनोद कुमार शुक्लाको निधनमा शोक व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले भन्नु भयो, श्री शुक्लाले आफ्नो सहज र शक्तिशाली लेखनले गद्य र कवितालाई समृद्ध बनाउनुभएको छ र उहाँको निधन साहित्य जगतको लागि अपूरणीय क्षति हो। राष्ट्रपतिले श्री शुक्लाको लेखनले सीमान्तकृत समुदाय र दलितहरूप्रति सहानुभूति र चिन्ताको भावना प्रतिबिम्बित गर्ने उल्लेख गर्नु भयो।

ज्ञानपीठ पुरस्कार विजेता साहित्यकार विनोद कुमार शुक्लाको हिजो लगभग अठ्ठासी वर्षको उमेरमा निधन भयो।

**बाइट**

**<u>अमित शाह - पंचकुला भ्रमण</u>**

गृहमन्त्री अमित शाह आज पंचकुला भ्रमणमा आउनुहुनेछ। पंचकुलामा व्यापक सुरक्षा व्यवस्था मिलाइएको छ। पंचकुला पुलिस उपायुक्त सृष्टि गुप्ताले आफ्नो भ्रमणको पूर्वानुमान गर्नु हुँदै जिल्लामा सुरक्षा सुनिश्चित गर्न २,७५० हरियाणा पुलिस कर्मचारी र ४० वरिष्ठ अधिकारीहरूलाई खटाइएको बताउनु भएको छ।

उहाँले सबै तहमा सुरक्षामा कुनै कमी नभएको र समन्वय नहोस् भनेर विस्तृत सुरक्षा व्यवस्था मिलाइएको बताउनु भयो। आम जनतालाई कुनै पनि असुविधा नहोस् भन्ने कुरा सुनिश्चित गर्न पनि ध्यान दिइएको छ।

यस भ्रमणको क्रममा अमित शाह सहकारी क्षेत्रको सम्मेलन, हरियाणा पुलिसको पासिंग-आउट परेड र पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको प्रतिमाको अनावरण लगायत धेरै आधिकारिक कार्यक्रमहरूमा भाग लिनु हुनेछ। श्री शाहले पंचकुलाको सेक्टर ५ मा रहेको इन्द्रधनुष सभागारमा वीर बाल दिवस मनाउने हरियाणा सरकारको राज्यस्तरीय कार्यक्रममा भाग लिएर भ्रमणको समापन हुनेछ।

**<u>इसरो-ब्लूबर्ड ब्लॉक-2</u>**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन **इसरो**ले आज बिहान ब्लूबर्ड ब्लक-२ सञ्चार उपग्रह प्रक्षेपण गर्नेछ। प्रक्षेपण श्रीहरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट हुनेछ। यो अभियानले भारतको सबैभन्दा शक्तिशाली प्रक्षेपण यान, LVM-३ प्रयोग गर्नेछ।ब्लूबर्ड ब्लक-२ उपग्रह संयुक्त राज्य अमेरिकाको **एएसटी स्पेसमोबाइल**द्वारा विकसित गरिएको हो। यो अन्तरिक्षबाट सिधै मोबाइल ब्रॉडब्यान्ड जडान प्रदान गर्न डिजाइन गरिएको हो। उपग्रहले स्मार्टफोनमा ४G र ५G सेवाहरू पनि सक्षम पार्नेछ। यो विशेष गरी दुर्गम र सेवाबाट वञ्चित क्षेत्रहरूमा उपयोगी हुनेछ।

## मांडविया - खेलकुद इन्टर्नशिप

युवा मामिला तथा खेलकुद मन्त्रालयले युवा प्रतिभालाई खेलकुदमा आकर्षित गर्ने र देशको खेलकुद पूर्वाधारलाई सुदृढ पार्ने उद्देश्यले एक व्यापक इन्टर्नशिप नीति सुरु गरेको छ। यस नीति अन्तर्गत, कलेज र विश्वविद्यालयका विद्यार्थीहरूलाई खेलकुद प्रशासन, सञ्चालन र सम्बन्धित क्षेत्रहरूमा अनुभव प्राप्त गर्न मन्त्रालय र यसका स्वायत्त निकायहरूभित्र इन्टर्नशिप प्रदान गरिनेछ। यो पहलको उद्देश्य खेलकुद विज्ञान, डोपिङ विरोधी उपायहरू, कार्यक्रम व्यवस्थापन र खेलाडी समर्थन सेवाहरूको क्षेत्रमा प्रतिभालाई तयार गर्नु हो।युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मांडवियाले यो पहलले युवाहरूलाई व्यावहारिक अनुभव प्रदान गर्ने र खेलकुदमार्फत देश निर्माणमा योगदान पुर्‍याउन सक्षम बनाउने बताउनु भयो। यस नीति अन्तर्गत, वार्षिक ४५२ इन्टर्नशिप प्रदान गरिनेछ।

## नागरिक उड्डयन – भारत

नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले भारत **अंतर्राष्ट्रीय नागर विमानन संगठन परिषदमा** पुन: निर्वाचित भएको घोषणा गर्नुभयो। सामाजिक सञ्जालमा एक पोस्टमा उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतीय उड्डयनले महत्वपूर्ण विश्वव्यापी मान्यता प्राप्त गरेको छ। श्री नायडूले विकासशील देशहरूलाई सहयोग प्रदान गर्ने सन्दर्भमा भारत एक प्रमुख साझेदारको रूपमा देखा परेको बताउनु भयो।

## सीएक्यूएम - कारण बताओ नोटिस

राष्ट्रिय राजधानी क्षेत्रमा प्रदूषण नियन्त्रण गर्न, **वायु गुणवत्ता प्रबन्धन आयोग**ले दिल्लीबाट ३०० किलोमिटरको दायराभित्र रहेका छवटा थर्मल पावर प्लान्टहरूलाई **कारण बताऊ नोटिस** जारी गरेको छ। यी **नोटिस**हरू बायोमास सह-फायरिङ मापदण्डहरूको पालना नगरेकोमा जारी गरिएको थियो। यो मापदण्डले थर्मल पावर प्लान्टहरूलाई फसलहरुको अवशेषहरू प्रयोग गर्न आवश्यक छ।

गत आर्थिक वर्षमा यी पावर प्लान्टहरूको अनुपालन सन्तोषजनक नभएको पाइयो। यी प्लान्टहरूबाट वातावरणीय क्षतिपूर्तिको रूपमा ६१ करोड सङ्कलन गर्ने प्रस्ताव गरिएको छ।

## वीके सक्सेना - आम आदमी पार्टी

दिल्लीका उप राज्यपाल विनयकुमार सक्सेनाले पूर्व मुख्यमन्त्री अरविन्द केजरीवाललाई पत्र लेखेर राजधानीमा प्रदूषणको लागि आलोचना गर्नु भएको छ। १५ पृष्ठको पत्रमा श्री सक्सेनाले अघिल्लो आम आदमी पार्टी सरकारलाई ११ वर्षसम्म वायु प्रदूषण नियन्त्रण गर्न लापरवाही र असफल भएको आरोप लगाउनु भएको छ। उहाँले भन्नु भयो, केजरीवाल सरकारले दिल्लीमा वायु प्रदूषणको प्रमुख कारण धुलो नियन्त्रण गर्न कहिल्यै कुनै कदम चालेन।

यसैबीच, आम आदमी पार्टीले यी आरोपहरूलाई अस्वीकार गरेको छ र उप राज्यपाल प्रदूषणको मुद्दामा छलफल गर्न चाहँदैनन् भनी बताएको छ। पार्टीका मिडिया सल्लाहकार अनुराग ढांडाले आरोप लगाउनु भयो, वर्तमान राज्य सरकार प्रदूषण नियन्त्रण गर्न असफल भएको छ र यस मुद्दाबाट जनताको ध्यान हटाउन खोजिरहेको छ।

## दिल्ली विधान सभा

दिल्ली विधान सभाको शीतकालीन सत्र ५ जनवरीमा सुरु हुनेछ। यो चार दिने सत्र ८ जनवरीसम्म जारी रहनेछ। यो निर्णय हिजो दिल्ली मन्त्रिपरिषद्को बैठकमा गरिएको थियो।

**बंगलादेश - हिंसात्मक झडप**

बंगलादेशमा नोआखालीको हटिया उप जिल्लामा चर भुमिको विषयमा दुई समूहबीच हिजो भएको हिंसात्मक झडपमा पाँचजनाको गोली हानी मृत्यु भएको छ भने १० जनाभन्दा बढी घाइते भएका छन्। घटना मेघना नदीमा नवगठित द्वीप **जगलर चर** मा भएको हो जहाँ दुई समूहबीच लामो समयदेखि विवाद चलिरहेको छ। पुलिसका अनुसार मृतकहरूमा दुवै समूहका नेताहरू समावेश छन्।

**बंगलादेश-संयुक्त राष्ट्रसंघ विशेषज्ञ**

संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक आइरिन खानले बंगलादेशको अन्तरिम सरकार मिडिया र कलात्मक स्वतन्त्रताको रक्षा गर्न असफल भएको र दण्ड प्रणालीको उचित कार्यान्वयनको अभावले भीड हिंसालाई बढावा दिइरहेको बताउनु भएको छ। हिजो एक विज्ञप्तिमा आइरिन खानले द डेली स्टार, प्रथम आलो र छायानत सांस्कृतिक केन्द्रमा भएको आगजनी र तोडफोड र न्यू एजका सम्पादकमाथि भएको आक्रमणलाई "अत्यन्त चिन्ताजनक" बताउनु भएको छ। १८ दिसम्बरमा शरीफ उस्मान हादीको दिउँसो हत्यापछि देशव्यापी विरोध प्रदर्शनका बीचमा यी आक्रमणहरू भएका थिए।
संयुक्त राष्ट्रसंघले गत वर्ष ५ अगस्टदेखि सयौं पत्रकारहरूलाई राजनीतिक कारणले पक्राउ गरिएको, धेरैलाई मनमानी रूपमा हिरासतमा राखिएको र धेरैको मृत्यु भएको बताएको छ।इरिन खानले ईश्वरनिन्दाको आरोपमा मारिएका हिन्दू युवा दिपु चन्द्र दासको बारेमा कुनै टिप्पणी गर्नु भएन।

**ओडिशा-पेसा**

राष्ट्रिय पेसा महोत्सवको अवसरमा आज ओडिशाका सबै पञ्चायतहरूमा विशेष ग्राम सभाहरू आयोजना गरिँदैछन्। एक भिडियो सन्देशमा, मुख्यमन्त्री मोहन चरण माझीले राज्यका आदिवासी समुदायहरूलाई हार्दिक शुभकामना व्यक्त गर्नु भएको छ। यो महोत्सव पञ्चायती राज मन्त्रालय र आदिवासी मामिला मन्त्रालयले संयुक्त रूपमा आयोजना गरिरहेको छ।
**पेसा**, पंचायत क्षेत्र विस्तार अधिनियम, २४ दिसम्बर १९९६ मा राज्यमा लागू भएको थियो।मुख्यमन्त्रीले आदिवासी क्षेत्रहरूमा तल्लो तहको लोकतन्त्रलाई सुदृढ पार्न पेसाले महत्त्वपूर्ण भूमिका खेलेको बताउनु भयो। उहाँले थप्नु भयो, **पेसा** अधिनियम अनुसार पञ्चायत चुनाव गर्ने ओडिशा देशको अग्रणी राज्य हो।

**महिला टी-२० क्रिकेट**

महिला क्रिकेटमा भारतले हिजो राति विशाखापट्टनममा भएको टी-२० शृङ्खलाको दोस्रो म्याचमा श्रीलंकालाई सात विकेटले पराजित गर्‍यो। श्रीलंकाको १२९ रनको जवाफमा भारतले ११ ओभर र ५ बलमा लक्ष्य हासिल गर्‍यो। यो जितसँगै भारतले पाँच खेलको शृङ्खलामा २-० को अग्रता लिएको छ।श्रृङ्खलाको अर्को म्याच २६ दिसम्बरमा तिरुवनन्तपुरममा खेलिनेछ।

**भारत-न्यूजील्याण्ड क्रिकेट**

न्यूजील्याण्डले भारत भ्रमणको लागि आफ्नो एकदिवसीय र टी-२० टोलीको घोषणा गरेको छ। मिचेल स्यान्टनरले टी-२० टोलीको कप्तानी गर्नेछन् भने माइकल ब्रेसवेललाई एकदिवसीय शृङ्खलाको लागि कप्तान तोकिएको छ।

****** ० ******